नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड
टेकु, काठमाडौं
२०७४

पत्र संख्या: ०७६/०७७
च.न. १८१

०१-४१००२२३

मिति : २०७६।०५।०९

श्री स्वास्थ्य बीमा बोर्ड
सबै प्रदेश तथा जिल्ला शाखा कार्यालयहरु एवं दर्ता सहयोगीहरु ।

**विषय : जानकारी सम्बन्धमा ।**

तहाँ प्रदेश तथा जिल्ला कार्यालय र दर्ता सहयोगीहरुबाट स्वास्थ्य बीमा कार्यक्रममा हालसम्म पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद दिन चाहन्छु । यो राष्ट्रिय प्राथमिकताको कार्यक्रममा यहाँहरुबाट प्राप्त सहयोगले कार्यक्रमको लक्ष्य र उद्देश्य समेत हासिल हुने कुरामा पूर्ण विश्वस्त छु । कार्यक्रम संचालन भएका जिल्लाहरुमा स्वास्थ्य बीमा कार्यक्रममा आवद्धता गर्ने सम्बन्धमा केहि दर्ता सहयोगीबाट सामान्य परिवारलाई प्राथमिकतामा नराखी केवल लक्षित परिवार (विपन्न) र जेष्ठ नागरिकलाई मात्र प्राथमिकतामा राखी कार्यक्रम संचालन भैरहेको भन्ने बुझिन आएकोले यसतर्फ यस बोर्डको गम्भिर ध्यानाकर्षण भएको छ । स्वास्थ्य बीमा कार्यक्रममा आबद्धता गर्ने सन्दर्भमा स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुनु पर्नेछ र दफा (२) मा नवजात शिशु, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति तथा अशक्तलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्नु निजको संरक्षक तथा अभिभावकको कर्तव्य हुनेछ भनि उल्लेखित व्यवस्था तथा स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम ३ को उपनियम ६ मा सत्तरी बर्ष उमेर पुगेका प्रत्येक जेष्ठ नागरिकलाई थप एक छुट्टै इकाई मानी बीमा योजनामा आबद्ध गर्नुपर्ने उल्लेख भएको हुदाँ परिवारका अन्य सदस्यलाई वेवास्ता गरी लक्षित परिवार वा व्यक्तिहरुलाई मात्र बीमा योजनामा आबद्ध गर्नु प्रचलित कानून एवं व्यवस्थाको मर्म र भावना विपरित हुने भएकोले प्रचलित कानून एवं व्यवस्था अनुरुपनै कुनै परिवारको जेष्ठ नागरिकको बीमा गर्दा उक्त परिवारका अन्य सदस्यको बीमा समेत गर्नेपर्ने भएकोले सोहि अनुसार गर्न र गराउन सम्बन्धित सबैलाई जानकारी गराईन्छ । प्रचलित कानून एवं व्यवस्था र कार्यक्रमको उद्देश्य, मर्म र भावना विपरित बीमा गरे गराएको पाईएमा नियमानुसार कारबाही हुने र दर्ता सहयोगीहरुको प्रोत्साहन रकम भुक्तानी गर्न यो बोर्ड बाध्य नहुने व्यहोरा समेत जानकारी गराउँदछु ।

०७६/५/९

रमेश कुमार पोखरेल
(कार्यकारी निर्देशक)